नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी भक्तपुरको

विज्ञसूची (Roster) तयारीका लागि निवेदन दर्ता गर्नेसम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०८२/०३/२२)

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक लेखन, मूल्याङ्कनलगायतका कार्यलाई गुणस्तरीय, प्रभावकारी एवम् सुव्यवस्थित बनाउन तपसिलबमोजिमका विषयहरूका लागि विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिमका योग्यता पुगेका इच्छुक व्यक्तिले निम्नानुसारको विवरणसहित सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र यस केन्द्रमा आइपुग्ने गरी रू १० को टिकट टाँसी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**१. विषयहरू**

क) प्रारम्भिक बालशिक्षादेखि आधारभूत तह र माध्यमिक तह (कक्षा ९-१२) सम्मका अनिवार्य तथा ऐच्छिक विषयहरू

ख) माध्यमिक तह प्राविधिक तथा व्यावसायिक धारतर्फका व्यावसायिक विषयहरू

ग) गुरुकुल, संस्कृत, वेद विद्याश्रम, मातृभाषा, मदर्सा, मुन्धुम र गोन्पातर्फका विषयहरू

**२. सर्तहरू**

क) विज्ञहरूको सूची दर्तासम्बन्धी निवेदन पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा उपलब्ध गराइएको ढाँचाबमोजिम हुनुपर्ने छ। निवेदनमा उल्लिखित कुराको पुस्टयाईं हुने कागजातहरू संलग्न हुनुपर्ने छ ।

ख) बुँदा न १ को (क) (ख) र (ग) का विषयहरूका सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न आधारभूत तहका लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक उत्तीर्ण र कक्षा ९-१२ का हकमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी सो विषयको प्राध्यापक वा पाठ्यक्रम विज्ञ वा विषय विज्ञ वा सम्बन्धित विषयको लेखक वा शिक्षक वा मूल्याङ्कनकर्ता हुनुपर्ने छ ।

ग) मातृभाषा मदर्सा र गोन्पातर्फ सम्बन्धित विषयको योग्यता नभएमा कुनै विषयमा आधारभूत तहका लागि न्यूनतम स्नातक र माध्यमिक तहका लागि न्यूनतम स्नातकोत्तर गरी सो विषयको शिक्षण वा सम्बन्धित विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकाससम्बन्धी कार्य गरेको वा पाठ्यपुस्तक मूल्याङ्कन गरेको वा विषय विज्ञ वा विषयविद हुनुपर्ने छ ।

घ) विज्ञको सूचीकरण तथा परिचालनसम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ । पाठ्यक्रम विकास, पाठ्यपुस्तक विकास र पाठ्यसामग्री मूल्याङ्कन गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले आवश्यकतानुसार विज्ञसूची अध्यावधिक गर्ने छ ।

**३. निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू**

क. बुँदा न २ को (ख) र (ग) मा उल्लेख भएबमोजिमको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि

ख. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ग. पान कार्डको प्रमाणित प्रतिलिपि

घ. बुँदा न २ को (ख) र (ग) मा उल्लेख भएबमोजिमको कार्यानुभवको कागजातको प्रमाणित प्रतिलिपि

४. इमेलमार्फत विज्ञसूचीमा नाम दर्ता गर्न चाहने विज्ञले निवेदनसहित सम्पूर्ण आवश्यक कागजातको scan copy info@moecdc.gov.np मा पठाउन सकिने छ ।

५. विज्ञ सूचीसम्बन्धी विषयहरूको विस्तृत विवरण केन्द्रको वेबसाइट www.moecdc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**नोटः गतवर्ष विज्ञसूचीमा सूचीकृत भएका विज्ञहरूले पुन नवीकरण गर्न चाहेमा तोकिएको ढाँचामा हरेक वर्ष निवेदन दर्ता गराउनुपर्ने छ ।**

श्रीमान् महानिर्देशकज्यू
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी भक्तपुर

रु १० को
टिकट

विषय: विज्ञसूचीमा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा पाठ्यक्रम विकास केन्द्रका देहायबमोजिमका विषयमा विज्ञका रूपमा सूचीकृत हुन तपसिलको विवरणसहित आवश्यक कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु ।

मिति: ..........................
हस्ताक्षर: ....................
निवेदकको नाम: ..........................

तपसिल
नामथर:
स्थायी ठेगाना जिल्ला .................................. न पा/गा पा ................................................ वडा न .......

टोल: .............................. सम्पर्क न: .............................. इमेल: ........................................

कार्यरत/अवकाश प्राप्त भए संस्थाको नाम: ठेगाना: ....................

**(क) विषय विज्ञका रूपमा सूचीकृत हुन चाहेका बढीमा २ (दुई) विषय प्राथमिकता क्रममा राख्नुहुन ।**

| क स | विज्ञका रूपमा सूचीकृत हुन चाहेको विषय | विज्ञका रूपमा रहन चाहेको तह | विषयसँग सम्बन्धित कार्य अनुभवको क्षेत्र | कार्य अनुभव वर्ष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(ख) शैक्षिक योग्यता (विषय विज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्लो योग्यता भए सोसमेत)**

| उपाधि | अध्ययन गरेका विषयहरू | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(ग) तालिम**

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

**(घ) विषयसँग सम्बन्धित कुनै पुस्तक सन्दर्भ सामग्री लेख रचना लेखन अनुसन्धान आदि कार्य गरेको भए**

| क स | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

उल्लिखित विवरण ठीक साँचो हो ।झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर ..........................

यो सूचना पाठ्यक्रम विकास केन्द्रको फेजबुक (https://www.facebook.com/moecdc) पेजमा पनि राखिएको छ । धन्यवाद